**खत्याड गाउंपालिकाको सातौं गांउ सभामा खत्याड गांउपालिकाका अध्यक्ष श्री उव्जन वहादुर शाही बाट प्रस्तुत आ.व.२०७८/०७९ को नीति, तथा कार्यक्रम वक्तव्य :**

यस गरिमामय सभामा उपस्थित उपाध्यक्ष
लगायत आदरणिय सभाका सदस्य ज्युहरु,
आमन्त्रित अथिती महोदय,

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो स्थानीय तहको निर्वाचित अध्यक्षको हैसियतमा हाम्रो खत्याड गाउंपालिकाको यस गरिमावय सातौ गांउ सभामा आर्थिक वर्ष ०७८ा०७९ का लागि** नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा मैले अत्यन्त गौरव महसुस गरेको छु। सर्वप्रथम आफ्नो व्यक्तिगत जीवनको प्रवाह नगरी देश, राष्ट्र तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको क्रममा आफ्नो प्राण आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु। यस क्रममा वेपत्ता हुनुभएका, घाईते तथा अपाग भई जिवन गुजारिरहनु भएका महानुभावप्रति उच्च सम्मान व्यक्त गर्दछु।

विश्वजगत दोश्रो लहरको रुपमा फैलिएको महामारी कोभिड १९ का कारण आक्रान्त छ। कोभिड १९ का कारण नेपाल लगाएत विश्वभर ज्यान गुमाएका नागरिकहरु प्रती हार्दिक श्रदान्जली व्यक्त गर्दछु। सोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना र यसवाट संक्रमित नागरिकहरुको सिघ्र स्वास्थ लाभको कामना गर्दछु। सामाजिक दुरी कायम गर्दै यसको संक्रमणवाट आफुपनि सुरक्षित रहन र अरुलाई पनि सुरक्षित राख्न यस गरिमामय सभा मार्फत हार्दिक अनुरोध गर्न चाहन्छु।

**आदरणीय यस सभाका सदस्यज्युहरु**
जनतासंग सवै भन्दा नजिकको सम्वन्ध रहने स्थानिय सरकार संचालनका लागि जनताले स्थानिय निर्वाचन मार्फत आफ्ना प्रतिनिधिहरु निर्वाचित गरेको आज ४ वर्ष वितिसकेको छ। समृद्ध गांउपालिका निर्माणको महान लक्ष्य लिएर संचालन भैरहेको **यस खत्याड गाँउपालिकाको नवौं गांउ सभामा** हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका आमन्qित प्रमुख अतिथि, अतिथि लगाएत सम्पुर्ण महानुभावहरुमा हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु।

संविधानले व्यवस्था गरेको **संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको** ३ वटा सरकार मध्ये जनतासंग सवै भन्दा नजिकको सम्वन्ध राख्ने स्थानिय सरकार संचालनका लागि जनताले स्थानिय निर्वाचन मार्फत आफ्ना प्रतिनिधिहरु निर्वाचित गरेको चौथौ वर्षमा हामि प्रवेश गरिसकेका छौ। यस अवधिमा जनताको विकास र परिवर्तन प्रतिको चाहना पुरा गर्न, सेवा प्रवाहलाई प्रभावकारी वनाउन र समृद्ध खत्याड सुखि खत्याडवासिको महान आकाक्षालाई पुरा गर्न आवश्यक पर्ने ऐन नियम तथा कार्यविधी निर्माण, प्रर्याप्त कानुनी संरचना तथा जनशक्ति व्यवस्थापनमा उल्लेखनिय उपलव्धि हासिल भएका छन।

गत आ.व.को अन्त्यतिर विश्वभर महामारिको रुपमा फैलिएको कोभिड १९ का कारण भयावह अवस्थाको सृजना भएको थियो। मुलुकमा एकाएक निषेधआज्ञा जारी हुनुका कारण मुलुकभर र भारत क्षेत्रमा रहेका हजारौ खत्याडवासि नागरिक अलपत्र परेको अवस्थामा हामिले तत्काल आवश्यक कार्यविधि जारी गरेर राहत वितरण तथा उद्धारका कामहरु गर्यौं। कार्यविधि मार्फत आवश्यक संरचना निर्माण गरि जिल्ला वाहीर अलपत्र परेका करिव २२०० खत्याड वासि नागरिकहरुलाई अलपत्र परेकै स्थानमा पुगेर राहत वितरण गरियो। खत्याड प्रवेश गर्ने मुख्य ५ वटा नाकाहरुमा हेल्थ डेस्क स्थापना गरि कुल ३०३५ जनाको ँFever चेकजांच, करिव १४०० जनाको अलपत्र परेकै स्थानवाट उद्धार, कुल ७०५ जनाको RDT र कुल ७१९ जनाको PCR परिक्षण, परिक्षणमा पोजेटीभ देखिएका विरामीको आईसोलेसन केन्द्रमा राखि उपचार पश्चात घर फिर्ता र यसका लागि कुल १५ वटा क्वारेईन्टाईन, २५ वेडको १ वटा आईसोलेसन केन्द्र स्थापना आदि कार्यहरु सफलतापुर्वक सम्पन्न भए।

हाल दोश्रो लहरको महामारीको रुपमा फैलिरहेको कोभिड १९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि थप कदम चाल्नु अनिवार्य भैसकेको छ। यसका लागि प्रथामिक स्वास्थ केन्द्र रातापानीमा रहेको आईसोलेसन केन्द्रमा ल्यावको स्तरोन्नती, PCR, एन्टिजेन किट लगाएत अत्यावश्यक औषधि, स्वास्थ उपकरण, अक्सिजन कन्सटेटर र सिलिण्डरको व्यवस्था गरिएको छ। विभिन्न समस्याहरुका वावजुत पनि आम कोभिड विरुद्धको युद्धमा विजय प्राप्तिको दिशामा अघि वढीरहेका महसुस भएको छ। महामारीको यस भयावह अवस्थामा ज्यानको प्रवाह नगरि यसको रोकथाम, नियन्त्रण, उपचार, राहत तथा उद्धारका कार्यमा अहोरात खटिई स्थानीय सरकारलाई सहयोग पुर्‍याउनुहुने सम्पुर्ण जनप्रतिनिधीज्युहरु, स्वास्थकर्मि, सुरक्षाकर्मि, राष्टसेवक कर्मचारी, स्वयम्सेवक, टीमका सदस्यहरु, साझेदार संस्था तथा सम्पुर्ण खत्याडवासी

खत्याड गाँउपालिका

नागरिक प्रति उच्च सम्मान र आभार प्रकट गर्न चाहन्छु, साथै आउने दिनहरुमा समेत यस क्षेत्रमा थप योगदान र सहयोग प्राप्त हुने अपेक्षा गरेको छु ।

**आदरणीय सदस्यज्युहरु**

स्वास्थ तथा शिक्षाका अन्य क्षेत्रमा समेत यस अवधिमा हामिले उल्लेखनिय उपलब्धि हासिल गरेका छौ । हाम्रा सबै वडाहरुमा स्वास्थ संस्थाहरु स्थापना भएका छन । स्वास्थ केन्द्रवाट दुरीका हिसावले टाढा रहेका ५ वटा गांउहरुमा आधारभुत स्वास्थ ईकाईहरु स्थापना गरिएको छ । समस्यालाईं मध्येनजर गरि वडा नं १० को ह्यागलुमा प्रसुतिगृह स्थापना गरिएको छ । गांउपालिका केन्द्रभागमा पर्ने गरि ईजरकाटीयामा १५ संया अस्पताल स्थापनाका लागि सहमति कायम भएको छ । प्रथामिक स्थास्थ केन्द्र रातापानीमा विषेशज्ञ सेवा संचालनका लागि तिव्र गतिमान आवश्यक पुर्वाधारको निर्माण भैरहेको छ । अस्पताल क्षेत्र भित्र फार्मेसी संचालन तथा ल्यावको स्तरोन्नती लगाएतका कार्यहरु भैरहेका छन । विरामीहरुको अत्यावश्यक सेवा प्रवाहका लागि २ वटा एम्वुलेन्सहरु सेवारत अवस्थामा रहेका छन ।

त्यस्तै शिक्षा कृर्षि, खानेपानी, सडक पुर्वाधार, सुशासन सेवा प्रवाह लगाएतका कार्यहरुमा उल्लेख्य उपलब्धिहरु हासिल भएका छन । शैक्षिक पुर्वारहरुको निर्माण, माध्यमिक तहको विद्यालय स्थापना, परिक्षा प्रणलीमा सुधार, प्रथामिक वाल विकास केन्द्र स्थापना, व्यवसायिक खेति प्रणालीको सुरुवात, सडक पुर्वाधारहरुको निर्माण, विद्युतिय हाजिरी, एक घर एक धारा को निति कार्यान्वयन, खालि जग्गामा वृक्षारोपण, सामुदायिक वनको सुरक्षा, मदिरा नियमन तथा नियन्त्रण, खेलमैदान तथा वसपार्क निर्माण कार्य थालनी, १५ सैया अस्पतालको जग्गा प्राप्ति, गांउपालिका तथा वडा केन्द्रहरु निर्धारण, सामुदायिक रेडियो स्थापना, वैक खाता मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यको थालनी, ऐन, कानुन तथा कार्यविधिहरुको निर्माण, स्थायी कर्मचारी संरचनाको पदपुर्ति आदि यस अवधिका मुख्य उपलब्धिका रुपमा रहेका छन । सिमित श्रोत र साधानका वावजुत पनि हामिप्रती जनताका असिमित अपेक्षाहरु रहेको महशुस भएको छ । यस प्रकारको परिस्थितीका विचवाट पनि खत्याडको समग्र विकासका लागि आवश्यकता, प्रथामिकता र औचित्यताका आधारमा वार्षिक विकास लक्ष किटान गरि यो निति र कार्यक्रम ल्याईएको छ ।

**आदरणीय सदस्यज्युहरु,**

अब म यस सम्मानित सभामा आगामी वर्ष लिईने मुख्य मुख्य नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ह्राल हामि कोभिड १९ विरूद्धको युद्धमा क्रमश विजय प्राप्तीको दिशामा अघि वढीरहेका छौ । अझैपनि कोभिड १९ लगाएतका महामारीमा स्वास्थ सेवालाई प्रभावकारी वनाउन आवश्यक पर्न जाने औषधि तथा स्वास्थ उपकरण, अक्सिजन, पुर्वाधार निर्माण तथा जनशक्ति परिचालनको उचित व्यवस्थापन गर्दै कोरोना मुक्त गांउपालिका वनाउने अभियानमा सम्पुर्ण सरोकारवालाहरूको परिचालनलाई तिवताका साथ अघि वढाईनेछ ।
- कोभिड १९ को नियन्त्रण, रोकथाम र संक्रमित नागरिकहरूको उपचारको लागि २५ वेडको कोभिड अस्पताल र आईसेलेसन सेन्टर निर्माण गरि संचालनमा रहेको छ । कोभिड १९ लगाएतका महामारीमा काम गर्ने चिकित्सक र स्वास्थकर्मिहरुका लागि प्रति महिना साविकको सुरु तलव वरावरको प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- गांउपालिका केन्द्रमा १५ सैयाको अस्पताल निर्माण गर्न ईजरकाटीयामा जग्गा समेत व्यवस्थापन भैसकेको व्यवहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु । यसको निर्माण कार्य तत्काल सुरु गरिनेछ । प्रथामिक स्वास्थ्य केन्द्र रातापानिमा जनरल सर्जरी, प्रसुती लगाएतका विषशज्ञ सेवा संचालनका लागि तत्काल कार्य प्रकृया अघि वढाईनेछ । यसलाई सुविधा सम्पन्न विषशज्ञ अस्पतालको रुपमा विकास गर्ने लक्ष्यका साथ केन्द्र परिसरमै शलभ औषधि पसल संचालन, आधुनिक पुर्वाधार निर्माण, यन्त्र उपकरण जडान, ल्याव स्तरोन्नती लगाएतका कार्यहरु तिव्रगतिमा अघि वढीरहेका छन । यस क्षेत्रमा आई काम गर्ने चिकित्सकका लागि प्रति महिना साविकको सुरु तलव वरावरको प्रोत्साहन भत्ता र विशेषज्ञ चिकित्सक का लागि खुद तलव वरावरको विषेश प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।
- प्रथामिक स्वास्थ्य केन्द्र रातापानि र स्वास्थ चौकि श्रीकोट वाट संचालन हुने एम्वुलेन्स सेवावाट निश्चित मापदण्डका आधारमा ७० वर्ष माथिका वृद्धवृद्धा, आपतकालिन अवस्थाका गर्भवति महिला, फरक क्षमता, अति गरिव लगाएतका असाहयहरु लाई विषेश सहुलियत प्रदान गरिनेछ । यसका लागि रु ४ लाख वजेट विनियोजन गरिएको छ ।
- सामाजिक जागरण अभियान मार्फत गर्भवति महिलालाई अनिवार्य रुपमा स्वस्थ्य संस्थामा गई नियमित चेकजांच र सुत्केरी गराउने कार्यलाई प्रोत्साहन गरिने छ । गाउँमा कृयाशिल स्वास्थ्य स्वयंसेविकावाट गरिने स्वास्थ्य सेवाको उचित कदर गर्दै उनिहरुको स्वास्थ विमा गरिनेछ । साथै उनिहरुलाई दिदै आएको मासिक प्रोत्साहन भत्तालाई निरन्तरता दिईएकोछ ।

खत्याड गाउँपालिका

- स्वास्थ्य स्वयंसेविकावाट प्रदान गरिने सेवा सुविधाको अवस्थालाई मध्येनजर गर्दै स्वास्थ्य स्वयंसेविकाको न्युनतम् योग्यता निर्धारण गरि छनौट व्यवस्थापन गरिनेछ । योग्यता निर्धारण प्रकृयामा सेवावाट वाहिरिने स्वास्थ्य स्वयंसेविकाहरुलाई निश्चित प्रोत्साहन रकम सहित ससम्मान विदाई गर्ने सम्वन्धि कार्यविधि निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।
- नखर्जिमा रहेको आयुर्वैद्धिक औषधालयको सेवाक्षेत्र लाई फराकिलो वनाईनेछ । स्थानीय स्तरमा पाईने औषधिजन्य जडिवुटी पहिचान र संरक्षण गर्दै औषधालयलाई आयुर्वैद्ध औषधि उत्पादन केन्द्रका रुपमा विकास गर्दै लगिनेछ ।
- उपचार सहायता कोष मार्फत अल्जाईमर, क्यान्सर, पार्किन्सन, मुटु, मिर्गौला, जस्ता दिर्घ तथा जटिल प्रकारका रोगहरु तथा अति गरिवहरुका लागि सम्वन्धित वडा कार्यालयवाट आर्थिक सहायता उपलव्ध गराउन कार्याविधि संशोधन गरिनेछ ।
- शैक्षिक विकासका लागि संस्थागत तथा सामुदायिक विद्यालयहरुको शैक्षिक मापदण्ड तोकि सो अनुसारको नतिजा प्राप्त नगर्ने विधालय वा शिक्षकलाई तत्काल कानुनी कारवाही गरिनेछ ।
- दरबन्दी नभएका र विषयगत शिक्षकको अभाव भएका सामुदायिक विद्यालयहरुमा विधार्थी संख्या, विषयगत तथा तहगत रुपमा दरवन्दि मिलान गर्ने र तत् पश्चात पनि शिक्षक दरवन्दी अपुग भएको खण्डमा स्वयम्सेवक शिक्षक मार्फत पठनपाठन सुचारु गरिनेछ ।
- गांउपालिका क्षेत्रभित्र रहेका सामुदायीक विधालयहरु एक आपसमा मर्ज गर्ने विधालयहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- खत्याड गांउपालिका क्षेत्रभित्र रहेको ईच्छुक शैक्षीक संस्थाहरु मध्येवाट आवश्यक मापदण्ड निर्धारण गरी यसै शैक्षीक सत्रवाट कक्षा ११ र १२ मा विज्ञान विषयको पठनपाठनका लागि आवश्यक प्रकृयाको थालनी गरिनेछ ।
- रकम अभाव लगाएत विविध कारणवश विगत लामो समयदेखि अलपत्र परेका निर्माणाधिन विधालय भवनहरु यसै आ.व. को कार्तिक मसान्तभित्र सम्पन्न गर्न आवश्यक वजेट विनियोजन गरिएको छ । तोकिएको समयमा निर्माण सम्पन्न नगर्ने विद्यालयलाई हदै सम्मको कानुनी कारवाही प्रकृया अघि वढाईनेछ ।
- विद्यालय क्षेत्र भन्दा ३० मिनेटको दुरीमा टाढा रहेका वस्तिहरुमा निश्चित मापडण्डको आधारमा समुदायमा आधारित वाल विकास केन्द्र स्थापना तथा संचालन व्यवस्थापन गरिनेछ ।
- नेपाल सरकारको निति अनुरुप ECDC का सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहायकको न्युनतम् पारिश्रमिक रु १५००० पुर्‍याउन थप आवश्यक पर्ने रकम व्यवस्थापनका लागि रु ९३ लाख रकम विनियोजन गरिएको छ । यसवाट ECDC का सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहायकका तर्फवाट विगतदेखि उठाउदै आएका मागहरु केहीहद सम्म भएपनि सम्वोदन भएको महसुस गरेको छु ।
- गांउपालिका क्षेत्रभित्र उपयुर्क्त स्थानको पहिचान गरि वहुप्राविधिक शिक्षालय स्थापनाका लागि आवश्यक प्रकृयाको थालनी गर्न आवश्यक वजेट विनियोजन गरिनेछ । यसको सुरु पहलकदमि र अन्य आवश्यक कार्य गर्ने गरि तत्काल उपयुक्त अस्थायी संयन्त्रको निर्माण र जिम्मेवारी हस्तान्त्रण गरिनेछ ।
- दलित परिवारवाट MBBS डाक्टर तथा ईन्जीनियर तथा अध्ययनका लागि प्रवेश परिक्षामा छनौट हुने विधार्थि मध्ये ४ जनालाई पुर्ण छात्रवृत्तिको व्यवस्था गरिएको भएपनि हालसम्म प्रगति शुन्य देखिएको छ । CTEVTE अर्न्तगत Diploma तहमा अध्ययन गर्ने दलित छात्राहरू मध्ये प्रतिस्पर्दाका आधारमा १० कानुन संकाय, जनाका लागि पुर्ण छात्रवृतिको व्यवस्था गरिनेछ । तर उक्त छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थिले आफ्नो सेवा अवधिको ७ वर्ष खत्याड गाउंपालिका अर्न्तगतको कुनैपनि संरचना अर्न्तगत रही सेवा प्रवाह गनुपर्नेछ ।
- खत्याड गांउपालिका वडा नं ५ मा रहेको छोटै पानलौटी क्षेत्रमा प्रदेश सरकारवाट स्थापना हुन लागेको उच्च पर्वतिय विश्व विद्यालय स्थापना गरिदिनका लागि प्रदेश सरकार संग आवश्यक समन्वय, सहकार्य र सहयोग दायरा फराकिलो गर्दै यसका लागि आवश्यक पर्ने सम्पुर्ण प्रकृयाहरु तत्काल आरम्भ गरिने छ ।
- एक युवा एक सृजना र उद्यमशिलता अभियान अर्न्तगत प्रत्येक युवाले आफ्नो वार्षिक लक्ष्य किटान गरी सम्वन्धित वडा कार्यालयमा दर्ता गराउनु पर्नेछ । तद्अनुरुप वडा कार्यालयवाट युवाहरुको रुचि, दक्षता र उधमशिलता र सहलगानीका क्षेत्र पहिचान गरि सो लक्ष्य प्राप्तिका निश्चित मापदण्डका आधारमा युवा स्वरोजगार कोष मार्फत आवश्यक अनुदान सहयोग तथा प्राविधिक सहजिकरण गरिनेछ ।
- खत्याड गाउपालिका वडा नं ७ मा रहेको सैनाचौरमा गांउपालिका स्तरिय कवर्डहल तथा खेलमैदान निर्माण गरिनेछ । टोल स्तरिय युवा क्लवको नेतृत्वमा टोलस्तरमा खेल मैदानको पहिचान, विकास र संरक्षण गर्ने निति अवलम्वन गरिनेछ ।

खत्याड गाउँपालिका

- औपचारिक अध्ययन पुरा गरेका युवाहरुका लागि लोकसेवा लगाएत विभिन्न सेवाक्षेत्रमा सहज प्रवेश गर्न दक्ष एवम् प्रतिस्पर्दी जनशक्ति तयार गर्न लोकसेवा आयोग तयारीका कक्षाहरु संचालनमा ल्याईने छन ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई प्रोत्साहित गरिने छ । महिलामात्र उपभोक्ता समिति भएका निर्माण आयोजनालाई जनसहभागीतावाट वेहोर्नु पर्ने कुल रकममा ५ प्रतिशत छुट दिने व्यवस्थालाई वढाएर १५ प्रतिशत पुर्याईने छ । सार्वजनिक निर्माणका उपभोक्ता समितिमा ४० प्रतिशत महिला अनिवार्य रुपमा रहने व्यवस्थालाई अनिवार्य गरिएको छ ।
- स्थानीय श्रोत साधान र सिपका आधारमा कम्तिमा पनि ५ जनासम्म रोजगार दिने गरी महिला वा महिला समुहवाट निर्यातजन्य उधोग स्थापनाभई संचालन भएमा कुल संचालन लागतको २५ प्रतिशत रकम अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ । यसरी उद्योग दर्ता गर्न आउने महिलाका लागि उद्योग दर्ता शुल्क छुट दिईनेछ ।
- महिलाको अधिकार सुनिश्चितता र आर्थिक सामाजिक सशक्तिकरणका लागी महिला विकस वोर्ड स्थापना गरिएको छ । महिला माथि हुने हिंसा, अपराध विरुद्धका अभियानहरु, महिला उत्सव, ससक्तिकरण लगाएतका महिला लक्षीत कार्यक्रमहरु महिला तथा वालवालिका शाखा, महिला विकास वोर्डको प्रतक्ष्य निगरानीमा सम्वन्धित वडा तहवाटै संचालन हुनेगरी कार्यविधि निर्माण गरिनेछ ।
- उर्जाशिल जिवन मातृभुमिका लागि खर्चेर वृद्ध अवस्थामा पुग्नुभएका ७० वर्ष उमेर पुगेका वृद्ध वृदाहरुका लागि सम्मान स्वरुप स्वच्छैक सम्मान कार्यक्रम संचालन गरिनेछ ।
- खत्याड गांउपालिकामा रहेका ७० वर्षभन्दा माथि उमेर समुहका वृद्धवृद्धाका लागि घरघरमा गई घरदैलो चिकित्सकिय उपचार सेवा उपलव्ध गराईनेछ ।
- सामाजीक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत वितरण गर्न सम्पुर्ण लाभग्राहीको नाममा खाता संचालन भैसकेको छ । उक्त कार्य सहज रुपमा लाभगग्रहीले प्राप्त गर्ने अवस्थाको सुनिश्चितता गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ । प्रत्येक चौमासिक रुपमा सामाजिक सुरक्षा लाभग्राही सुची अद्यावधिक गरी सार्वजनिक गर्ने नीति लिइने छ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेका, सरकारी तथा गैह सरकारी संघ संस्थाहरु वाट कुनैपनि सेवा सुविधा प्राप्त नगर्ने, मासिक १०००० भन्दा वढी आयआम्दानीको कुनैपनि श्रोत नभएका अति गरिवीको परिचयपत्र उपलव्ध घरधुरीहरुका लागि मासिक ५०० न्युनतम् जिवननिर्वाह भत्ता उपलव्ध गराईनेछ ।
- दलितहरुको आर्थिक सामाजिक सशक्तिकरण, जातीय भेदभाव र छुवाछुतको अन्त्यका लागी हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै उनीहरुको अधिकार प्रवर्द्धनका लागी दलित डेस्कको संचालनलाई लाई थप प्रभावकारी वनाईनेछ । दलित समुदाय माथि हुने विकृती, अन्याय, अत्याचार, हिंसाजन्य घटनाका विरुद्धका अभियान, सामाजिक सुरक्षा र ससक्तिकरण लगाएतका दलित लक्षीत कार्यक्रमहरु दलित डेस्कको प्रतक्ष्य सहभागियता र निगरानीमा सम्वन्धित वडा तहवाटै संचालन हुनेगरी कार्यविधि निर्माण गरिनेछ ।
- नेपाल सरकारको निति अनुरुप गांउपालिका क्षेत्रभित्र दलित लक्षित आवासिय विधालय स्थापनाका लागि पहल गरिनेछ ।
- समाजमा कठिन अवस्थामा जिवन यापन गारिरहेका फरक क्षमता भएका नागरिकहरु, जनयुद्ध, शान्तिपुर्ण जनआन्दोलनका क्रममा भएका द्धन्दपिडित, घाईते, अपागंहरुलाई आयमुलक तथा शिपमुलक तालिम, रोजगारी सृजना तथा व्यवसायिक अनुदान कार्यक्रम मार्फत जनजिविकालाई सहज वनाउन विषेश पहल गरिनेछ ।
- अपागं भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७७ वमोजिम ग वर्गको मध्यम अपागंतामा परी सुरक्षा भत्ता प्राप्त नगरेका तर अरुको सहारामा जिवन गुर्जानु परिरहेका फरक क्षमता भएका खत्याड वासि नागरिकहरुका लागि मासिक रु १२०० का दरले जिवननिर्वाह भत्ता उपलव्ध गराईनेछ ।
- कृषक, महिला, फरक क्षमता भएका र जेष्ठ नागरिकवाट उत्पादन भएका वस्तुहरुको वजार प्रवर्द्धन गरि उनिहरुको जीविकाउपार्जन लाई सहज वनाउन कृर्षि सहकारी संस्थासंगको साझेदारीमा रातापानी, माझचौर र सेरीमा कोषेली घर स्थापना गरि संचालनमा ल्याईने छ ।
- म किसान, समृद्ध खत्याडका लागि मेरो योगदान भन्ने नाराका साथ कृर्षि कार्यलाई समाज विकासको मुख्य प्रथामिकतामा राखिनेछ । कृषि पेशालाई मर्यादित पेशाको रुपमा सम्मान गर्न नमस्ते किसान अभियान संचालन गरिनेछ ।
- भुगोल र जनसंख्यालाई मध्येनजर गरि तत्काल कृर्षि तथा पशु सेवा केन्द्रहरु विस्तार गरिनेछन । एक वडा एक प्राविधिक कार्यक्रम अर्न्तगत कृर्षि तथा पशु प्राविधिकहरु वस्ति वस्तिमा परिचालन गरिनेछ । प्रत्येक किसान परिवारको पशु तथा कृर्षि लगत तयार गरि मासिक रुपमा अध्याधिक गर्ने निति लगिनेछ ।

खत्याड गाउँपालिका

- एक वडा एक उत्पादन कार्यक्रम अर्न्तगत माटो परिक्षण गरि सो को प्रमाणका आधारमा मात्र कृर्षि पकेट (फलफुल, तरकारी) क्षेत्र निर्धारण गरि उत्पादन तथा निर्यात प्रवर्द्धन गरिनेछ । माछापालन, चल्ला उत्पादन, उन्नत जातका विउ वाखा खरिद विक्रि श्रोतकेन्द्र स्थापना गरिनेछ ।
- कृर्षि उत्पादनमा रासायनिक मल पुर्णत निषेध गर्ने कार्यलाई निरन्तरता दिईएको छ । प्रागारिक मल, जैविक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन गरिनेछ । रैथाने वालि तथा स्थानिय पशुपंक्षीको उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
- आयातित तेलको प्रयोगलाई निरुत्सीहित गर्दै स्थानीय स्तरमा उत्पादन हुने ओखर, तोरी, ढटेलो, काउलो, चुली, सुर्यमुखि र च्यूरीको तेल उत्पादन र प्रशोधनबाट खत्याड गांउपालिका लाई खाने तेलमा आत्मनिर्भर बनाइनेछ ।
- प्रदेश सरकारसंगको सहकार्यमा उत्पादित कृषिजन्य वस्तुहरुको सुरक्षीत भण्डारणका लागि ठुलो क्षमताको शितघर निर्माण कार्यको थालनी गरिने छ ।
- खाद्य तथा कृषि उत्पादनमा आत्मनिर्भरता वढाउन घाटजिउला, नखर्जी, गम्था, ह्याङ्गलु, अन्य खत्याड खोलावाट सिंचित हुन सक्ने कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सेवाको विकास र विस्तार गर्ने गरी नयाँ सिँचाइ गुरुयोजना तयार गरी लागु गरिनेछ । गांउपालिका क्षेत्रभित्र खेतियोग्य जग्गा वांझो राख्न नपाईने व्यवस्थालाई कढाईका साथ लागु गरिनेछ ।
- लिजमा लिएको भएतपनी कम्तिमा ५ रोपनी वा सो भन्दा वढी चक्लावन्दि भएको जग्गामा एकै प्रकारको खेति गर्ने कृषकलाई व्यवसायिक किसान को रुपमा पहिचान गरि परिचयप वितरण गरिनेछ ।
- 'एक घर एक करेशावारी' र 'एक घर ५० फलफुल विरुवाको एक वगैचा' को व्यवस्थालाई अनिवार्य रुपमा गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- बजारको तयारी खानेकुरालाई निरुत्साहित गरि समुदाय, विधालय तथा अन्य स्थानमा हुने दैनिक खानपिनमा स्थानीय स्तरमा उत्पादन हुने अनाज तथा खाद्यवस्तुको प्रयोगलाई प्रोत्साहन गर्ने निति लिईएको छ ।
- खत्याड गांउपालिका रहेका विषयगत तथा वहुउद्धेश्यीय सहकारी संस्थाहरुको विकास, सुदृढीकरण तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ । समुदायमा छरिएर रहेको वचत रकम, गरिवी निवारण कोष लगाएत अन्य समुह तथा सदस्यहरुले गरेको वचतलाई एकिकृत गरि सहकारीका माध्यमवाट परिचालन गरिनेछ । गांउपालिका क्षेत्रमा रहेका सहकारी को नियमन र निर्देशन र प्रभावकारी परिचालनका लागि आवश्यक कार्यविधि वनाई लागु गरिनेछ । समान प्रकृतिका विषयगत सहकारीहरु एक आपसमा मर्ज भएमा प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
- गांउपालिका क्षेत्रभित्र संचालनमा रहेका महिला सहकारी को क्षमता अभिवृद्धिका लागि आवश्यक निति तथा कार्ययोजन तयार गरि कार्यान्वयन गरिनेछ ।
- भौतिक पूर्वाधारका संरचना निर्माणका लागि गरिने सम्झौता प्रकृयामा जोखिम विश्लेषण प्रतिवेदनलाई अनिवार्य रुपमा समावेश गर्ने निति लाई निरन्तरता दिईएको छ ।
- निर्धारित मापदण्ड अनुसारको सडक प्रत्येक वडा केन्द्रमा पुर्‍याउने गरि सडक संजालको विकास कार्यलाई निरन्तरता दिईएको छ । रारा पर्यटकिय द्रुतमार्ग (झङ्गोला - रारा), सेरी - नारगे, बरातु - चिन्तु, रिगा - डुमाना, र सेरी - ज्यूका रिगा सडक खण्डलाई ०७८/७९ भित्रै सम्पन्न गर्न प्रदेश तथा केन्द्र सरकारसंग समन्वय गरिनेछ । माझचौर - जिउका, तलिअउल - रिखिया, रातापानी - वाडु र रातापानी - नखर्जि, पुत्ताखोला - तर्मा, जोगिलेख - वमकांडा - तर्मागुफा, राउतडी - क्यातडी - लाम्रु, नखर्जि रुम्जनाकाद ग्रामिण सडकको को निर्माण तथा स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- गांउपालिका क्षेत्रभित्र निर्माण भैरहेका सडक संरचनाहरुको क्षेत्राधिकार भित्र परेको जग्गाको मालपोत कर तिर्नुपर्ने वाध्यात्मक अवस्थाको अन्त्य का लागि तत्काल लगत कट्टा अभियान संचालन गरिनेछ ।
- सुकाढीक - रिगा - ह्यागलु - विउरी - गोठी - राडी - जिउका - रोल - वमकाडा - साटवाडा - निगालिवोट - डाडुपाटा - भागोटी - चिन्तु चक्रपथ निर्माणका लागि समपुरक कोष मार्फत थप रकम विनियोजनका लागि केन्द्रिय तथा प्रादेशिक सरकारलाई अनुरोध गरिनेछ ।
- निश्चित मापदण्ड तयार गरि गांउपालिका अर्न्तगत स्थानीय उद्योग ग्राम स्थापनाका लागि जग्गा व्यवस्थापन र पुर्वाधार निर्माणका लागि संघिय सरकारसंग समन्वय तथा सहकार्य गरिनेछ ।
- होमस्टे, भाषा, संस्कृति, कला, लगाएत ऐतिहासिक, पुरातात्वतिक, धार्मिक र सास्कृतिक महत्वका स्थलहरुको अन्वेषण, संरक्षण तथा प्रवर्द्धन गरि पर्यटक गन्तव्य स्थलको रुपमा विकास गरिनेछ । खेस्मा, तर्मागुफा, हलेसीगुफा, भाङ्गछडा, नाउली, वाटुलीझार, खेति, हेर्नी, मणिदह, चंखेली, शिवमन्दिर नखर्जि लगाएत अन्य पर्यटकिय क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन गुरुयोजना निर्माण

गरि कार्यान्वयनमा लगिनेछ । प्रदेश सरकार तथा संघिय सरकारसंग को समन्वयमा खस संग्रहालय स्थापनाका लागि पहल गरिनेछ ।

- गांउपालिका क्षेत्रभित्र कार्यरत सरकारी तथा गैह्सरकारी कर्मचारी, सार्वजनिक पद धारण गरेका व्यक्तिहरु सार्वजनिक विदाको दिन वा संघिय सरकारले घोषणा गरेको पर्यटन काजमा जाने सम्वन्धमा स्थानिय होमस्टे, सुचिकृत पर्यटकिय होटेल वा पर्यटन गुरुयोजनाले उल्लेखित स्थानिय पर्यटन प्रर्वद्धन गर्ने कार्यमा सरिक भएमा कुल खर्चको १० प्रतिशत थप वोनस दिने व्यवस्थालाई कार्याज्न्वयनमा लगिनेछ ।
- संघिय तथा प्रादेशिक सरकारसंगको सहकार्यमा कालाकाडा-चाकपाडे, ढिडाकोट, सेरा, तर्मा क्षेत्रमा आर्थिक रुपले महत्वपुर्ण जडिवुटी उत्पादन, प्रशोधन तथा अनुसन्धान केन्द्रको स्थापना गरि संचालनमा ल्याईनेछ ।
- वन अतिक्रमणलाई पुर्णतया रोक लगाईनेछ । वन संरक्षण अभियानलाई कानुनी उपचारमा आधारित वनाउदै वन संरक्षणकर्ता परिचालन गरिनेछ । नाङ्ग डाडाँ तथा खालि जग्गाहरुमा यथासिघ्र सामुदायिक वन, कृर्षि वन तथा समुदायमा आधारित उच्चमूल्य तथा बहुउपयोगी फलफूल, जडिबुटी र बोटबिरुवा वृक्षारोपण अभियान सञ्चालन गरि खत्याडलाई हरित खत्याडको रुपमा विकास गरिनेछ । जन्म, मृत्यु तथा विवाह जस्ता व्यक्तिगत घटना दर्ता गर्दा अनिवार्य रुपमा २ रुख रोप्ने कार्यलाई निरन्तरता दिईएको छ ।
- गांउपालिकामा क्षेत्रभित्र निर्माण गरिने सडक लगाएत अन्य संरचनाहरुमा वृक्षारोपण गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिएको छ । वृक्षारोपण कार्यलाई योजनाको लागत अनुमान तयार गरेको अवस्थामा समावेश गरी वृक्षारोपण पश्चात मात्र योजना फरफारक गरिने नीति कढाईका साथ अवलम्वन गरिने छ ।
- खत्याडको पानी उज्यालोको लागि घर घरको लगानी अभियानलाई निरन्तरता दिदै जनताको शेयरवाट ५०० KW क्षामताको खत्याड खोला जलविधुत आयोजना, ६५ KW क्षमताको श्रीकोट जलविधुत आयोजना, ३५ KW क्षमताको भागोटीखोला, ३४ KW क्षामताको सेरी जलविधुत आयोजना गरि जम्मा ६३४ KW विधुत आगामि १ वर्षमा उत्पादन तथा वितरण गरिनेछ ।
- खत्याड खोला विरावगर साना जलविधुत आयोजनावाट वडा नं ६ र ७ लाभान्वित नभई अन्धकारमा वस्नुपर्ने भएकाले उक्त वस्तिहरुमा खत्याड खोला विरावगर सेरा साना जलविधुत आयोजनावाट लाभान्वित हुनेगरि विधुत जडान गरिनेछ ।
- आ.व. ०७७/७८ भित्रै खत्याड गाउँपालिका क्षेत्रभित्र विमानस्थल निर्माणको लागि वाडुभडाल्ना, जिउका, रोलसैन, गम्था, रुतु, कांद छानी, तारापानी मध्ये उपर्युक्त स्थान छनौट गरि DPR तयार गरिनेछ ।
- खत्याड खोला लगाएत अन्य सहायक खोलाबाट हुने कटानको समस्यालाई सुव्यवस्थित र योजनाबद्ध ढङ्गले, समाधान गर्न खत्याडी गाढ संरक्षण, नियन्त्रण तथा व्यवस्थापन गुरुयोजना तयार गरी सो मुताविक कार्यान्वियनमा लगिने छ ।
- अनधिकृत, अनियन्त्रित तथा अव्यस्थित बस्ती विकासमा रोक लगाइनेछ । गाढेखोला वस्ति विकास कार्यक्रम यसै वर्षभिq सम्पन्न गरिनेछ । रिगा, माझवगर दादीया वस्ति विकासका लागि यसै आर्थिक वर्षभि आवश्यक जग्गा छनौट गरि DPR को काम सम्पन्न गरिनेछ ।
- गाउंपालिका क्षेत्रभित्र पुर्ण सरसफाई, वालविवाह मुक्त, वालमैत्री वडा घोषणा गर्ने वडालाई सम्मान-पत्र सहित प्रोत्साहन अनुदान दिईनेछ । उक्त अनुदान सम्वन्धित वडा समितिको निर्णय वमोजिम खर्च हुनेछ ।
- गांउपालिका केन्द्रमा जनताले सम्पुर्ण प्रशासनिक सेवा सुविधाहरु एकै स्थानवाट पाउनसक्ने गरि आफ्नै प्रशासीनिक केन्द्र निर्माण तथा व्यवस्थापन गरि अस्थायि रुपमा कार्यालय संचालन गरिएको छ । गांउपालिका प्रशासनिक भवन निर्माणका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग समन्वय गरिनेछ ।
- भुगोलका आधारमा सेवा प्रवाहलाई छिटो र छरिटो वनाउन वडा कार्यालयहरुलाई थप अधिकार सहित सधिकार सम्पन्ना वनाईनेछ । गांउपालिकावाट प्रवाह हुने अधिकांश सेवाहरु वडा तहवाटै सम्पादन गर्नका लागि आवश्यक सेवा प्रदायक संरचनाको निर्माण तथा स्थापना गरि कार्यान्वयनमा लगिनेछ । सेवा प्रवाहमा प्रभावकारीताका लागि स्थानिय तहमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि र वृत्ति विकासका कार्यहरु संचालन गरिनेछन ।
- धुम्रपान तथा मध्यपानको जथाभावी प्रयोगका कारण स्वास्थमा पर्न गएको असरलाई मध्यनजर गरि उक्त कार्य न्यूनीकरणका लागि मदिरा नियमन निर्देशक समितिलाई थप व्यवस्थापन तथा प्रभावकारी परिचालन गरिनेछ ।
- स्थानीय न्यियक समितिवाट गरिने न्याय सम्पादन प्रकृयालाई प्रभावकारी र विश्वसनिय वनाईने छ । न्यायिक समिति तथा मेलमिलापकर्ता हरुको क्षमता अभिवृद्धिका कार्यहरु संचालन गरिनेछन ।

खत्याड गाउँपालिका

- खत्याड गांउपालिका क्षेत्र भित्र रहेका खानेपानी (मुहान) को पहिचान गरि तत्काल संरक्षण गर्ने नितिलाई प्राथमीकता दिइने छ । “एक घर एक धारा” को अवधारणा अनुसार स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराइनेछ । मुहान संरक्षण लगाएत खानेपानी सुरक्षा योजना लागु गरी पानी प्रशोधन तथा परीक्षण प्रयोगशाला स्थापना गरिनेछ ।
- प्रयोग भएका वस्तुहरुको पुन प्रयोगका लागि फोहरमैला प्रशोधन केन्द्र संग समन्वय गरि निर्यात गर्न निर्यात अनुदानको व्यवस्था गरिनेछ । पुन प्रयोग नहुने वस्तुहरुको विर्सजन गर्ने सन्दर्भमा फोहोरजन्य सामाग्री व्यवस्थापनका क्षेत्रमा कृयाशिल संघ संस्थाहरु संगको साझेदारीमा आवश्यक कार्यहरु अघि वढाईनेछ । समिति मार्फत समिति सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछन । झुगोला, रातापानी, माझचौर, सेरी, राउतडी र मसानेमा सार्वजनिक शौचालयहरु निर्माणका लागि विभिन्न संघ संस्था परिचालल गरिनेछ ।
- स्थानीय तहमा रहेका विज्ञहरुको विज्ञतालाई पुर्ण रुपमा सद्उपयोग गर्ने निति अवलम्वन गरिनेछ । खत्याड गांउपालिका क्षेत्रका स्थायी वसोवास गर्ने अनुसन्धानकर्ता वा कोही कसैले नविनतम् खोज अनुसन्धान गरि मानिसको जनजीवनलाई सहज गर्ने खालको नविनतम् प्रविधिको सृजना गर्ने अध्ययन अनुसन्धानकर्ता का लागि प्रोत्साहन स्वरुप रु १ लाख सहित विषेश सम्मान गरिनेछ ।
- वजार अनुगमन लाई नियमित र प्रभावकारी वनाई उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तथा म्याद नाघेका खाद्यवस्तु, औषधि बजारमा बिक्री वितरणमा पुर्णत प्रतिबन्ध लगाइनेछ ।
- खत्याडको प्रवेशद्वार झुगोला, कालाकाडा पतिहाल्ना का लागि कला सस्कृति झल्कने गरि कलात्मक सहिद स्मृती प्रवेशद्धार निर्माण कार्य यसै वर्ष देखि शुरु गरिने छ ।
- खत्याड गांउपालिका क्षेत्रभित्र रहेका सार्वजनिक प्रति तथा सरकारी जग्गाहरुमा वढदै गएको अतिक्रमण लाई निरुत्साहित गर्दै अतिक्रमण रोक्न र संरक्षण गर्न प्रत्येक वडामा सार्वजनिक जग्गा संरक्षण समिति गठन गरिने छ ।
- स्थानीय श्रम सेवा दललाई सम्पुर्ण विकास निर्माण, मदिरा नियन्तण, राजश्व संकलन, वनजंगल संरक्षण लगाएतका अन्य उत्पादनमुलक कार्यक्रमका क्षेत्रमा परिचालन गरि रोजगारीका अवसरहरु सृजना गरिनेछ ।
- टोल विकास संस्थालाई हरेक टोलको विकास र सामाजिक रुपान्त्ररण अभियानको मुल मेरुदण्डको रुपमा स्वीकार्दै सम्वन्धित वडा कार्यालय संगको समन्वयमा नियमित कार्ययोजना निर्माण, क्षमता अभिवृद्धि, संस्थागत विकासका लागि को आवश्यक कार्ययोजना वनाई परिचालन गरिनेछ ।
- स्थानीय सरकारको निति र कार्यक्रमको पुर्ण पालना गर्दै दोहोरो नपर्ने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरु मार्फत श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरुको नियमन र सहजीकरण NGO Desk मार्फत हुनेछ ।
- कर्णाली करिडोर संग जोडिएको झुगोला रारा पर्यटकिय द्रुतमार्ग अर्न्तगत कणाली नदीमा वेलीव्रीज राख्ने कार्य यसै आ.व.मा सम्पन्न गरिनेछ । हयागलु घाट, खत्याड खोला र आसपासका खोलाहरु ( माझचौर, मसाड्ना, विरावगर, नुवाकोटीखोला, मुग्राहखोला, साघरचौर, सियागाढ, चिमाडुग्री खोला, रानाकोट, घट्टेखोला, पुत्ताखोला वड्डीखोला, खेरा खोला विहानी खोलाहरुमा कल्भर्ट तथा सडक पुलहरुको व्यवस्थापनका लागि तत्काल DPR गरि कार्यान्वियन गर्न संघ तथा प्रदेश सरकार संग समन्वय गरिनेछ ।

**सभाका सदस्यज्युहरु,**

अन्तमा:
जनताको विकास र सम्वृद्धिका लागि तय भएका निति तथा कार्यक्रमको तयारीका सन्दर्भमा सर–सल्लाह, रचनात्मक सुझाव, मार्गदर्शन र सहयोग गर्नु हुने गांउपालिका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्यज्युहरु, राजनैतिक दल, विकास प्रेमी, समाज सेवी, सरकारी तथा गैसस निकायका प्रमुख एवं प्रतिनिधी, शिक्षक तथा बुद्धिजीवी, सञ्चारकर्मी महानुभावहरु लगायत कर्मचारी मित्रहरुलाई म यस शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद व्यक्त गर्न चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु । प्रस्तुत निति तथा योजनाको सफल तथा प्रभावकारी कार्यान्वयनमा समेत खुला सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद ॥**

खत्याड गाँउपालिका